मिति: २०८२/०८/१४ | ने.सं. ११४६ थिंलाथ्व १० आइतबार | बैठक संख्या - ५

आज मिति २०८२/०८/१४ गते आइतबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को पाँचौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………

१७. एमआइएस अपरेटर श्री विमल योङहाङ……………………

१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी……………………

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन……………………

मिति: २०८२/०८/१४ ने.सं. ११४६ थिंलाथ्व १० आइतबार बैठक संख्या - ५

**<u>प्रस्तावहरु</u>**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।
३. श्रीचम्पा कोल्डस्टोरको ठेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।
४. पाँचसैया अस्पतालको भेरिएन अर्डर स्वीकृति सम्बन्धमा।
५. कृषि विकास शाखाको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन सम्बन्धमा।
६. NWASH कार्यक्रमको लागि पालिका तर्फको बजेट विनियोजन सम्बन्धमा।
७. अस्थायी करार कर्मचारीको महंगी भत्ता सम्बन्धमा।
८. मृदुङ्गा झरना नाम परिवर्तन सम्बन्धमा।
९. माझी समुदायका लागि माछाको परिकार बनाउने तालिम संचालनको लागि वडा छनौट सम्बन्धमा।
१०. असक्त, विपद तथा अन्य आर्थिक सहायता सम्बन्धमा।

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | ४८ | २०८२-०८-०३ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं। | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सम्बन्धमा। | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई निर्देशन दिने। |
| ६. | वा.त.वि. व्य/५१ | २०८२-०८-०५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् समन्वय शाखा) | शीत लहर तथा चिसोबाट क्षति न्युनीकरण सम्बन्धमा। | वातावरण तथा विपद व्यवस्थापन समिति मार्फत परिपत्रमा उल्लेख भए बमोजिमको कार्य गरी क्षति न्युनिकरणको कार्य गर्ने। |
| ७. | १७२ | २०८२-०८-०९ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | जानकारी सम्बन्धमा। | राष्ट्रिय सतर्कता केन्द्रको मिति २०८२।०८।०९ गतेको परिपत्रमा उल्लेखित व्यहोरा पुर्ण रुपमा पालना गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि चौथो बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिका नगदेबाली अन्तरगत टमाटर, आलु तथा सुन्तला अत्याधिक मात्रमा उत्पादन हुने पालिका हो । उत्पादनको समयमा यहाँका कृषकले उपयुक्त भाउ तथा भण्डारण गर्ने ठाउँ नहुनाले आलु तथा टमाटर विग्रेर जाने अवस्था रहेको साथै बिक्रि गर्दा पनि न्युन भाउ मात्र पाउने अवस्था विद्यमान रहेको । कृषकहरुले समेत हिलिहाङ गाउँपालिकामा कृषिजन्य वस्तुको भण्डारणको लागि कोल्डस्टोरको माग सहित पटक पटक पालिकामा ज्ञापन पत्र दिएको दृष्टान्तलाई ध्यानमा राख्दै हिलिहाङ गाउँपालिकाको कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एबं व्यवसायिक बनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभुति दिन हिलिहाङ गाउँपालिकाले कोल्डस्टोर निर्माण गर्ने योजना अनुरुप आर्थिक बर्ष २०८२।०८३ मा निर्माण कार्य सुरुवात गर्ने योजना सहित राष्ट्रिय योजना आयोग तथा हिलिहाङ गाउँपालिकाको समपुरक योजना अन्तरगत संयुक्त लगानीमा निर्माण गर्ने गरि राष्ट्रिय योजना आयोगबाट बजेट समेत पालिकालाई प्राप्त भएको एबं हिलिहाङ गाउँपालिकाले समेत उक्त आयोजना सम्पन्न गर्ने प्रतिवद्धता सहित लागत सहभागिता जनाउन तयार रहेको अवस्था छ । उक्त आयोजना सम्पन्न पस्चात आर्थिक तथा प्राविधिक हिसाबले सञ्चालन गर्न नसक्ने अवस्था भएमा हिलिहाङ गाउँपालिका, सहकारी क्षेत्र तथा नीजि क्षेत्रको संयुक्त सहकार्यमा सञ्चालन गर्ने साथै आवस्यकता अनुसार छिमेकी पालिकासँग समेत सहकार्य गर्दै सञ्चालन गर्ने प्रतिवद्धता सहित विड डकुमेन्ट स्वीकृत गरि ठेक्काको लागि आवश्यक सम्पुर्ण प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ४**

हिलिहाङ गाउँपालिकाको मिति २०८२।०७।३० गतेको गाउँ कार्यपालिकाको बैठकले निर्माणाधिन पाँच सैया अस्पतालको विभिन्न Item को Variation Oder जारी गर्ने निर्णय भए बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा विभिन्न Item हरुको Variation order स्वीकृत गर्ने ।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिकाको कृषि विकास शाखाको बार्षिक स्वीकृत विभिन्न कार्यक्रमहरु देहाय बमोजिम सञ्चालन गर्ने ।

१. युवा स्वरोजगार विकास/मागमा आधारित/युवा लक्षित कार्यक्रम(प्रति वडा ३ जनाको दरले)

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत युवा स्वरोगार विकास/मागमा आधारित/युवा लक्षित कार्यक्रम गर्न कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ बमोजिम कार्यन्वयन गर्न/गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

२. फलफूल नर्सरी प्रवर्द्धन कार्यक्रम वडा नं.५

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत फलफूल नर्सरी प्रवर्द्धन कार्यक्रम वडा नं.५ कार्यक्रम संचालनका लागि कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरी उक्त कार्यदलले प्रस्ताव छनौट मापदण्ड/आधार तयार गर्ने र सोही मापदण्ड बमोजिम उपयुक्त प्रस्तावक छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने र छनौट कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुलाई प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यक्रम कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**३.** फलफूल व्यवसाय तथा तरकारी खेती वडा न. ५ बोझेनी

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत फलफूल व्यवसाय तथा तरकारी खेती वडा नं.५ बोझेनी शिर्षक अन्तर्गत स्वीकृत प्रदेश सशर्त कार्यक्रम संचालनका लागि कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरी उक्त कार्यदलले प्रस्ताव छनौट मापदण्ड/आधार तयार गर्ने र सोही मापदण्ड बमोजिम उपयुक्त प्रस्तावक छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने र छनौट कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुलाई प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यक्रम कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**४.** ५० प्रतिशात लागत साझेदारीमा व्यवसायिक फलफूल वगैंचा स्थापना सहयोग तथा सुदृढीकरण कार्यक्रम

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा व्यवसायिक फलफूल वगैंचा स्थापना सहयोग तथा सुदृढीकरण कार्यक्रम शिर्षक अन्तर्गत हिलिहाङ गाउँपालिका भित्रका एक वटा कृषि फर्म/कृषक समूह/कृषि सहकारी छनौटका लागि कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरी स्वीकृत कार्यक्रम संचालनका लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली,२०७८ र मापदण्ड २०७८ बमोजिम कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीयलाई निर्देशन दिने ।

**५.** ५० प्रतिशत अनुदानमा मिनिमिल र हाते ट्याक्टर वितरण कार्यक्रम

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा मिनिमिल र हाते ट्याक्टर वितरण कार्यक्रम संचालनका लागि सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम नियमानुसार आवश्यक खरिद प्रक्रियाका अपनाई कार्यक्रम कार्यान्वयनको लागि प्रमुख प्रशासकीयलाई निर्देशन दिने ।

**६.** आ.व.२०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता

आर्थिक वर्ष २०८२/०८३ मा वार्षिक स्वीकृत संघीय सशर्त बजेट तथा कार्यक्रम अन्तर्गत प्रति लाभग्राही ३ लाख का दरले नेपाल सरकार द्वार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण (हाल परिवर्तित नाम राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम) परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को पहिलो संशोधन २०८१ बमोजिम पकेट विकास कार्यक्रमलाई निरन्तरता दिनका लागि यस कार्यक्रमलाई कार्यान्वयन गर्न गराउन प्रमुख प्रशासकीयलाई निर्देशन दिने ।

**निर्णय नं. - ६**

खानेपानी, सरसफाई तथा स्वच्छताका गुणस्तरीय तथ्याङ्कहरु संकलन गर्न, संकलित तथ्याङ्कहरुको पुनरावलोकन, सम्पादन तथा प्रमाणीकरण गर्न, प्रामाणिक तथ्यांक तथा योजना तर्जुमा प्रक्रिया अनुसार पालिकास्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) योजना तयार पार्न, तथ्यांकमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई पालिका तथा प्रदेशको बार्षिक योजनामा समाबेश गरि कार्यान्वयन गर्न, पालिकाको नेतृत्व र प्रदेश सरकारको समन्वय तथा प्राबिधिक सहयोगमा खानेपानी, सरसफाइ र स्वच्छता (WASH) तथ्यांकहरु NWASH-MIS निर्देशिका बमोजिम अध्यावधि गर्न नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन बिभागले तयार पारेको NWASH-MIS निर्देशिकाअनुसार पालिकाको नेतृत्व र प्रदेश सरकारको प्राबिधिक सहयोग तथा

समन्वयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कोशी प्रदेश, खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयसँग पालिकाको द्धिपक्षीय सम्झौता समेत भई सकेको छ। उक्त कार्यक्रम सञ्चालन गर्न पालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम रु.३१३२२९।- अन्य समपुरक कोषबाट खर्च गर्ने।

**निर्णय नं. - ७**

नेपाल सरकारको आर्थिक बर्ष २०८२।०८३ बजेट बक्तव्यमा स्वीकृत दरबन्दी भित्र रहेका कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउने उल्लेख भए बमोजिम हिलिहाङ गाउँपालिकाद्धारा आर्थिक बर्ष २०८२।०८३ बजेट बक्तव्य मार्फत बजेट व्यवस्था गरि गाउँपालिकाको स्वीकृत दरबन्दि भित्र रहेका कर्मचारी महंगी भत्ता उपलब्ध गराउँदै आएको छ। कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८२ को दफा १४४ को उपदफा ३ तथा सम्मानित सर्वोच्च अदालतको मुदा नं. ०८१-WO-१५१५ को मिति २०८२ साल भाद्र २ को फैसला बमोजिम महंगी भत्ता उपलब्ध गराई पाउँ भनि हिलिहाङ गाउँपालिकामा शसर्त तर्फमा कार्यरत अस्थायी तथा करारका कर्मचारीद्धारा मिति २०८२।०८।१२ गते निवेदन पेश भएकोमा उक्त निवेदन, ऐ ऐन तथा ऐ फैसला बमोजिम लेखापरिक्षण गर्ने निकाय तथा अन्य नियामक निकायबाट असुल उपर गर्ने गरि कुनै निर्णय भएमा स्वयं कर्मचारीबाट असुल गर्ने गरि आगामी गाउँसभाबाट बजेटको व्यवस्था गर्दै महंगी भत्ता उपलब्ध गराउने।

**निर्णय नं. - ८**

हिलिहाङ गाउँपालिका ३ र ४ नं. वडाको सिमानामा अवस्थित (हाल प्रचलित नाम मृदुङ्गा)को विषयमा मृदुङ्गा वा मिलुङको विषयमा विवादित भएकोले गर्दा मृदुङ्गा झर्ना नाम परिवर्तन वा यथावत राख्ने विषयमा विज्ञहरु समेत समाविष्ट गर्दै ऐतिहासिक तथा पुरातात्विक पक्षको अध्ययन गरी अन्तिम रुप प्रदान गर्न देहाय बमोजिमको नाम सिफारिस समिति गठन गर्ने।

तपशिल :-

१. संयोजक- श्री समर बहादुर अधिकारी
२. सदस्य - श्री सुमित्रा उप्रेती सेडाई
३. सदस्य - श्री धनपती गिरी
४. सदस्य - श्री बृख बहादुर सुहाङ
५. सदस्य - श्री विरेन्द्र कुमार योङहाङ
६. सदस्य - श्री विरेन्द्र मंग्राती
७. सदस्य सचिव - श्री टोपेन्द्र कुमार लिम्बु

**निर्णय नं. - ९**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को परिच्छेद -४, दफा २१ बमोजिम स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सहभागितामूलक स्थानीय योजना तर्जुमाको सिद्दान्तको आधारमा माझी समुदायका लागि माछाको परिकार बनाउने तालिम/कार्यक्रम संचालन गर्न यस गाउँपालिकाको वडा नं २ र ७ का सहभागीहरुलाई समावेश गराई हिलिहाङ गा.पा. ७ नं. वडाको माझिटार स्थानमा कार्यक्रम कार्यान्वयन गर्ने।

**निर्णय नं. - १०**

क. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री निदम मैनाली | हिलिहाङ-३ | हात भाचिएको | रु. २०,०००/- | उपचार खर्च |
| २. | श्री निलम मैनाली | हिलिहाङ–३ | हात भाचिएको | रु. २०,०००/- | उपचार खर्च |
| ३. | श्री दल बहादुर भट्टराई | हिलिहाङ–२ | मुटु रोग | रु. २०,०००/- | उपचार खर्च |
| ४. | श्री गंगा बहादुर उभरकोटी | हिलिहाङ - ५ | खुट्टा भाँचिएको | रु. २०,०००/- | उपचार खर्च |
| ५. | श्री अमर बहादुर राई | हिलिहाङ - १ | आँखको ज्योती गुमेको | रु. २०,०००/- | उपचार खर्च |
| ६. | श्री कृतिका खनाल | हिलिहाङ -४ | एपिन्डिक्स फुलिएको | रु. २०,०००/- | उपचार खर्च |

विविध

क. हिलिहाङ गा.पा. वडा नं. ७ र फिदिम न.पा. वडा नं. ४ बीचमा पर्ने हेवाखोलाको तिन भंगाले झोलुङ्गे पुलको हिलिहाङ खण्डको वेशमा लगाएको ग्याविन जाली बगाई कटान गरी जोखिम भएकोले पुनः निर्माण गर्न जिल्ला विपद व्यवस्थापन समिति पाँचथरलाई सिफारिस गर्ने ।

ख. हिलिहाङ गा.पा. वडा नं. ७ को आम्बेजानीमा सञ्चालित कोपाखोला ओडारे खा.पा. यो. को ईन्टेक सहित ५० एम एम को ५०० मिटर पाइप क्षति पुर्याई खानेपानी सञ्चालनमा समस्या भएको हुँदा प्राविधिक प्रतिवेदनका आधारमा विपद/प्रकोप व्यवस्थापन कोषबाट खरिद गरि कोपा खोला ओडारे खानेपानी आयोजनालाई हस्तान्तरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।